# मिथिला लघुवित्त वित्तीय संस्था लि.

## Mithila Laghubitta Bittiya Sanstha Ltd.

साविक मिथिला लघुवित्त विकास बैंक लि.

**Mithila Laghubitta Bikas Bank Ltd.**

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था १५ जिल्ला कार्य क्षेत्र भएको)

**केन्द्रीय कार्यालय, ढल्केबर, धनुषा**


प.सं. २०७५/७६
च.नं.: ५३३/२०७५/७६

मिति : २०७५/११/२६

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाण्डौं ।

**विषय : साधारण सभा तथा शेयर दाखिल खारेज कारोवार बन्द सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस वित्तीय संस्थाको मिति २०७५।११।२६ गते दिउसो २:०० बजे बसेको सञ्चालक समितिको १७३औं बैठकको निर्णय बमोजिम तपसिल बमोजिमको मिति, समय र स्थानमा देहायका बिषयहरुमा छलफल तथा निर्णय गर्नका लागि दशौं बार्षिक साधारण सभा गर्ने भएकोले सोको जानकारीको लागि अनुरोध छ ।

**सभा हुने मिति, समय र स्थान**

सभा हुने मिति : २०७५ चैत्र २३ गते (तदनुसार अप्रिल ०६, २०१९) शनिबार ।
समय : बिहान ११:०० बजे ।
स्थान : बौवा होटलको सभा हल, मिथिला न.पा. - १०, लालगढ, धनुषा ।

**छलफलका विषयहरू**

**(क) साधारण प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने दशौं वार्षिक प्रतिवेदन आ.व. २०७४/०७५ उपर छलफल तथा पारित गर्ने ।

२. आ.व.२०७४/०७५ को लेखापरीक्षण प्रतिवेदन सहित २०७५ आषाढ मसान्तको वासलात, मिति २०७४/०४/०१ देखि २०७५/०३/३२ सम्मको नाफा नोक्सान हिसाब तथा सोहि अवधिको नगद प्रवाह विवरण एवं सो संग सम्बन्धित अनुसूचीहरु पारित गर्ने ।

३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बोनश शेयरमा लाग्ने कर प्रयोजनको लागि आ.व. २०७४/०७५ को मूनाफाबाट शेयरधनीहरुलाई २०७५ आषाढ मसान्तमा कायम रहेको चुक्ता शेयर पुंजी रु.६ करोड ५९ लाख ७७ हजार ९३८ को ०.५४९९९९ (दशमलव पाँच चार नौ नौ नौ नौ) प्रतिशतले हुने रु.३,६२,८७८.१८ (तीन लाख बैसट्ठी हजार आठ सय अठतहर पैसा अठार मात्र) नगद लाभाँश वितरण गर्न स्वीकृत गर्ने ।

४. बैंक तथा वितीय संस्था सम्वन्धी ऐन,२०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७५/०७६ को लागि लेखा परीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बोनश शेयर रकम रु.६८,९४,६९५/- मा कर प्रयोजनको लागि लाग्ने रकम रु.३,६२,८७८.१८ (तीन लाख बैसट्ठी हजार आठ सय अठहतर पैसा अठार मात्र) कम्पनीले बुझाउने निर्णय गरियो ।

**(ख) बिशेष प्रस्तावहरु :**

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम २०७५ आषाढ मसान्तमा कायम रहेको चुक्ता शेयर पुँजी रु.६ करोड ५९ लाख ७७ हजार ९३८ को १०.४५ (दश दशमलव चार पाँच) प्रतिशतले हुने रु.६८,९४,६९५/- (अडसट्ठी लाख चौरानन्वे हजार छ सय पन्चानब्बे मात्र) बराबरको बोनश शेयर वितरण गर्न स्वीकृत गर्ने र सोहि हदसम्मको जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने प्रस्ताव पारित गर्ने ।

२. यस वित्तीय संस्थाको नवौं वार्षिक साधारण सभाबाट पारित कूल चुक्ता पूँजी ६ करोड ५९ लाख ७७ हजार ९३८ को ५० प्रतिशत अर्थात २:१ का दरले हकप्रद (Right) शेयर जारी पश्चात हुन आउने चुक्ता पूँजी ९ करोड ८९ लाख ६६ हजार ९०७ र आ.व. २०७४/०७५ को प्रस्तावित वोनश शेयर जारी गरे पश्चात यस वित्तीय संस्थाको कूल जारी पूँजी र चुक्ता पूँजी १० करोड ५८ लाख ६१ हजार ६०२ पुर्याउन स्वीकृत गर्ने सम्वन्धमा ।


ठेगाना :-मिथिला नगरपालिका-६, धनुषा , फोन नं.०४१-५६०१७२/५६०२१०
Email :-mithilabank@yahoo.com, Website:-mlbbank.com.np

३. संचालक समितिमा २ जना सर्वसाधारण शेयरधनीहरुको समुहबाट प्रतिनिधित्व गर्नुहुने संचालकको निर्वाचन गर्ने सम्वन्धमा ।

४. यस वित्तीय संस्थाको कार्यक्रमलाई बृहत रुपमा विस्तार गर्न हाल कायम रहेको अधिकृत पूँजी १० करोडमा रु. १० करोड थप गरी जम्मा रु.२० करोड पुऱ्याउने प्रस्ताव पारित गर्ने सम्वन्धमा ।

५. यस वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा प्रस्ताव गरे बमोजिम (अधिकृत पूँजी, जारी र चुक्ता पूँजी वृद्धि गर्ने एवं अन्य दफा तथा नियमहरुमा आवश्यक) संशोधन गर्ने सम्वन्धमा ।

६. यस वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनमा नियमनकारी निकायवाट कुनै संशोधन वा परिमार्जन वा फेरबदल गर्न सुझाव वा निर्देशन प्राप्त भएमा सो अनुरुप गर्नका लागि सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने सम्वन्धमा ।

७. यस वित्तीय संस्थाको हाल कायम रहेको जारी पूँजीको ७०% (प्रतिशत) संस्थापक शेयरधनी समूहको र ३०% ( प्रतिशत) सर्वसाधारण शेयरधनीको शेयर स्वामित्व रहेकोमा सो संरचना ५१% (प्रतिशत) संस्थापक शेयरधनी समूहको र ४९% (प्रतिशत) सर्वसाधारण शेयरधनी समूहको शेयर स्वामित्व हुने गरी पूँजीको संरचना परिवर्तन गर्ने र सोही बमोजिम संस्थापक समूह र सर्वसाधारण समूहबाट सञ्चालकको प्रतिनिधित्व गर्ने व्यवस्था सम्बन्धी प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

८. संस्थापक शेयरधनीको शेयर सर्वसाधारण शेयर सरह धितोपत्रको दोश्रो बजार (Secondary Market) मार्फत् कारोवार गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

९. प्रदेश वा राष्ट्रियस्तरीय कार्यक्षेत्र सम्वन्धि प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

१०. सञ्चालक समितिका अध्यक्ष, सञ्चालकहरु र अन्य समितिका सदस्यहरुको बैठक भत्ता बृद्धि गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

११. बीमाको अभिकर्ता भई कार्य गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

१२. यस वित्तीय संस्था एक वा एक भन्दा बढी उपयुक्त लघुवित्तीय संस्थाहरुसंग एक आपसमा मर्ज (गाभ्ने/ गाभिने) वा एक्विजीसन (प्राप्ति गर्ने) अधिकार सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

(ग) **बिविध ।**

दशौं साधारण सभा प्रयोजनको लागि मिति २०७५ चैत्र ११ गते सोमवार यस वित्तीय संस्थाको शेयर दाखिल खारेज बन्द (Book Close) गर्ने तथा मिति २०७५ चैत्र ११ गते भन्दा अगाडी नेपाल स्टक एक्सचेन्ज लि.मा शेयर कारोवार भई दाखिल खारेज हुन बाँकी रहेका कारोवारहरु ७ कार्य दिन अर्थात मिति २०७५ चैत्र १८ भित्र यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री काठमाडौं क्यापिटल मार्केट लिमिटेड, कमलादीमा नामसारीको लागि प्राप्त हुन आएको अभिलेखको आधारमा कायम हुने शेयरधनीहरुले साधारण सभामा भाग लिन, मतदान गर्न तथा बोनश शेयर प्राप्त गर्नको लागि योग्य हुनेछन् ।

संलग्न : साधारण सभा प्रयोजनका लागि मिति २०७५।११।२७ गतेको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिने सूचना पेज - १

बोधार्थ:

(१) श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं ।
(२) श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाण्डौं ।
(३) श्री नेपाल धितोपत्र बोर्ड, जावलाखेल, ललितपुर ।
(४) श्री सि.डि.एस. एण्ड क्लियरिङ्ग लि., पुतलिसडक, काठमाण्डौं ।
(५) श्री काठमाण्डौं क्यापिटल मार्केट लि., कमलादी, काठमाण्डौं ।

भवदीय,

महेश कुमार चौधरी
कम्पनी सचिव

